# भक्तपुर जिल्ला अदालत

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा शाखा तथा फाँट उल्लेख गर्नुहोला।

दरबारस्क्वायर, भक्तपुर
फोन नं:- ६६१०६३३
फ्याक्स नं:- ६६१०१११
Email: info.dcbhaktapur@supremecourt.gov.np
admin. dcbhaktapur@supremecourt.gov.np
web: www.supremecourt.gov.np/court/bhaktapurdc

**पत्र संख्या:- ०७६/७७** **मिति: २०७७/५/२८**

**चलानी नं:-** ६६९

**विषय:- सूचना सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा कोवीड-१९ को कारणले मिति २०७७।५।४ बाट उपत्यकाका तीनवटै जिल्लामा निषेधाज्ञाको आदेश जारी भई मिति २०७७।५।२५ गतेबाट केही खुकुलो भएको भएता पनि भक्तपुर नगरपालिकाको मिति २०७७।५।२५ गतेको निर्णय बमोजिम भक्तपुर नगरपालिकामा सार्वजनिक यातायातका साधन संचालनमा रोक लगाएको हुँदा हाललाई यस अदालतबाट प्रदान हुने सेवाहरु मिति २०७७।६।१ गते देखि लागू हुने गरी तपसीलमा उल्लेख भए बमोजिम ब्यवस्था मिलाइएको ब्यहोरा सम्पूर्ण कानून ब्यबसायीहरु र सेवाग्राहीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**घनेन्द्र अधिकारी**
**स्रेस्तेदार**

**तपसील:**

१.तारेख लिने सम्बन्धी ब्यबस्था:-

| पेशी तथा तारेख तोकिएको मिति | सो तारेख लिन आउनु पर्ने मिति |
| --- | --- |
| २०७७ वैशाख ७ गते देखी वैशाख मसान्त सम्मको | २०७७ असोज १ गते |

| | |
|---|---|
| २०७७ भाद्र ३ देखी ५ गते सम्मको | २०७७ असोज २ गते |
| २०७७ भाद्र ७ देखी ८ गतेसम्मको | २०७७ असोज ४ गते |
| २०७७ भाद्र ९ देखी ११ गतेसम्मको | २०७७ असोज ५ गते |
| २०७७ भाद्र १२ देखी १४ गतेसम्मको | २०७७ असोज ६ गते |
| २०७७ भाद्र १५ देखी १७ गतेसम्मको | २०७७ असोज ७ गते |
| २०७७ भाद्र १८ देखी २१ गतेसम्मको | २०७७ असोज ८ गते |
| २०७७ भाद्र २२ देखी २३ गतेसम्मको | २०७७ असोज ९ गते |
| २०७७ भाद्र २४ देखी २६ गतेसम्मको | २०७७ असोज ११ गते |
| २०७७ भाद्र २८ गतेको | २०७७ असोज १२ गते |
| २०७७ भाद्र २९ गतेको | २०७७ असोज १३ गते |
| २०७७ भाद्र ३० गते | २०७७ असोज १४ गते |
| २०७७ भाद्र ३१ गते | २०७७ असोज १५ गते |
| २०७८ भाद्र ३१ गते पछाडिको | २०७७ असोज १६ गते |

- बन्दीप्रत्यक्षीकरणका निवेदन।
- पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको सर्मथन सम्बन्धी कार्यहरू सर्वजनिक विदाका दिन बाहेक विहान १०:०० बजे देखी अपरान्ह ३:०० बजे सम्म गर्ने।
- महामारी सम्बन्धिका गम्भीर प्रकृतिका निवेदनहरू।
- अभियोग दर्ता, थुनछेक लगायतका काम गर्ने।

- फिरादपत्र दर्ता, प्रतिउत्तर पत्र दर्ता, फैसला कार्यान्वयनको निवेदन, नक्कल निवेदन, रोक्का फुकुवाको निवेदन, अड्डाको रोबरमा म्याद बुझ्ने लगायतका कार्य कोटा प्रणालीबाट गरिने छ।
- फैसला वा अन्तिम आदेशबाट फिर्ता पाउने ठहरेका दसीका सामनहरु फिर्ता दिइने छ।
- अधिक समय नलाग्ने प्रकृयागत कार्यको रुपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, डिसमिस र तामेली लगायतका कामकारबाही हुने।
- बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकि अभियोग पत्रमा दावी लिएको सजाय भन्दा बढी कैद अवधी थुनामा बसेको वा बस्न सक्ने अबस्थाका प्रतिवादी भएको फौजदारी मुद्दाको सुनुवाई।
- बाल सुधार गृहमा रहेका बालबलिकासँग सम्बन्धित निवेदन उपरको सुनुवाई गर्ने।
- कसुर कायम भई सजाय पुर्वको प्रतिवेदन प्राप्त भईसकेको वा सहज रुपमा प्राप्त हुने अवस्थाका सजाय निधारण गर्न बाँकी रहेका मुद्दाहरूको सुनुवाई ।
- अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गरिने।
- घरेलु हिंसा (कसुर, सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा २ बमोजिमका मुद्दाहरु दर्ता गर्ने र सुनुवाई गर्ने ।
- सरकारवादी फौजदारी मुद्दामा फरार रहेका प्रतिवादी अदालतबाट जारी भएको म्यादमा तत्काल कोभिड-१९ परिक्षण गरेको पिसिआर (PCR) रिपोर्ट सहित बयानका लागी हाजिर भएमा निजको बयान गरी बाँकी कार्य अगाडि बढाउने।
- अदालतमा दर्ता भएका निवेदन मध्ये बन्दीप्रत्यक्षीकरणको निवेदन बिहान ११:०० बजे सम्म दर्ता भएमा सोहि दिन र सो पछि दर्ता भएका निवेदहरूको सुनुवाई भोलिपल्ट (सार्वजनिक विदा बाहेक) गरिनेछ।
- विशेष प्रकृतिका निवेदहरू कोटा प्रणालीबाट दर्ता गरी कारबाही अगाडी बढाउने।

- नेपाल सरकार(मन्त्रीपरिषद्) को मिति २०७७/३/२३ को निर्णयबाट काठमाण्डौं उपत्यका भित्र सार्वजनिक यातायात २०७७/४/८ बाट सञ्चालन भएकोमा २०७७/५/४बाट उपत्यकाका तीनवटै जिल्लामा निषेध आदेश जारी भई २०७७/५/२५ बाट निषेध आदेश खुकुलो भई जोर विजोर प्रणालीमा सार्वजनिक यातायातका साधन सञ्चालन हुने भएकोले यस अदालतमा हदम्याद,म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका काठामाण्डौ उपत्यकाभित्रका सेवाग्राहीहरु २०७७/५/२५ देखी बाटाका म्याद बाहेक तीस दिनभित्र उपस्थित हुने।
- अन्य जिल्लाभित्र रहेका सेवाग्राहीहरुको हकमा सार्वजनिक यातायातको साधन सञ्चालन हुने निर्णय भई सेवा सञ्चालनमा आए पछी सोही मितिबाट हदम्याद, म्याद तारेखमा बाटाका म्याद बाहेक तीस दिन भित्र उपस्थित हुने।
- सेवाग्राहीको चापलाई हेरी कार्यालय समय बाहेक अतिरिक्त समय(बिहान\बेलुका) थप १\१ घण्टा कर्मचारीहरुबाट सेवा प्रवाह गरी कार्य व्यवस्थापन गर्ने।
- यस अदालतमा सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा माक्सको प्रयोग गर्ने, मुल प्रवेशद्वारमा ज्वरो मापन गर्ने, हात धुने र स्यानिटाईजर समेत प्रयोग गरी सुरक्षाको सावधानी अपनाइ प्रवेश गर्ने व्यवस्था मिलाउने।

**पुनश्चः अन्य न्यायीक कामकारबाहीका सम्बन्धमा अर्को सुचनाद्वारा जानकारी गराईनेछ।**